जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २५० | २०८३ साल बैशाख १२ गते शनिवार | Saturday-25-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## सरकारी निर्णयविरुद्ध सञ्चार क्षेत्र आन्दोलित, प्रेस स्वतन्त्रता माथि चुनौतीको चेतावनी

*शु.आ. संवाददाता*
*बारा, ११ बैशाख*

तीनै तहका सरकार (संघ, प्रदेश र स्थानीय) का विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हालैको निर्णय र त्यससम्बन्धी परिपत्रविरुद्ध देशभरका पत्रकार आन्दोलित भएका छन् । सो निर्णयलाई विभेदकारी र प्रेस स्वतन्त्रतामाथि हस्तक्षेपकारी भन्दै नेपाल पत्रकार महासंघले सञ्चालन गरेको देशव्यापी दबाबमूलक अभियान अन्तर्गत शुक्रबार बारा सहित मुलुकभरका पत्रकारहरूले सामाजिक सञ्जालमार्फत विरोध जनाएका हुन् ।




पत्रकारहरूले आ-आफ्नो फेसबुक, ट्विटर (एक्स) लगायतका प्लेटफर्ममा कालो पृष्ठभूमिमा सेतो अक्षर प्रयोग गर्दै "सरकार कहाँ छ?", "आर्थिक नाकाबन्दी खेपेको सञ्चार जगत यहाँ छ", "विज्ञापनसम्बन्धी विभेदकारी निर्णय खारेज गर", "प्रेस स्वतन्त्रता कायम गर" जस्ता सन्देशसहित पोस्ट सार्वजनिक गरेका छन् । यस अभियानमार्फत सञ्चार क्षेत्रमाथि आर्थिक दबाव सिर्जना गर्ने उद्देश्यले ल्याइएको नीतिप्रति गम्भीर आपत्ति जनाइएको छ ।

नेपाल पत्रकार महासंघले उक्त निर्णय तत्काल फिर्ता नलिए कडा आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएको छ । महासंघका पदाधिकारीहरूले विज्ञापन वितरणमा समानुपातिक र समावेशी नीति आवश्यक रहेको उल्लेख गर्दै सरकारी सञ्चारमाध्यमलाई मात्र प्राथमिकता दिनु निजी तथा स्वतन्त्र सञ्चारमाध्यमलाई कमजोर पार्ने कदम भएको बताएका छन् ।

बारा जिल्लाका सञ्चारकर्मीहरूले पनि संयुक्त रूपमा ऐक्यबद्धता जनाउँदै सरकारको निर्णयले स्थानीय स्तरका साना तथा मझौला सञ्चारमाध्यम प्रत्यक्ष प्रभावित हुने बताएका छन् । "विज्ञापन नै सञ्चारमाध्यमको मुख्य आम्दानीको स्रोत हो। यसलाई एकतर्फी रूपमा सीमित गर्दा स्वतन्त्र पत्रकारिता नै संकटमा पर्छ," एक स्थानीय पत्रकारले बताए ।

बाँकी तेश्रो पृष्ठमा

## ब्राह्मण समाज नेपाल बारामा आर्थिक जिम्मेवारी विवाद गहिरिँदै, केन्द्रीय सचिव पाण्डेय निलम्बन सिफारिस

*शु.आ. सम्बाददाता*
*कलैया, ११ बैशाख*

ब्राह्मण समाज नेपाल जिल्ला कार्यसमिति बाराले संगठनभित्र लामो समयदेखि अड्किएको आर्थिक तथा जिन्सी सम्पत्तिको हस्तान्तरण प्रक्रिया नहुँदा केन्द्रीय सचिव प्रेमलाल पाण्डेयलाई पदबाट निलम्बन गर्न केन्द्रीय समितिलाई औपचारिक सिफारिस गरेको छ ।




जिल्ला समितिले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार संगठनको २०८२ साल फागुन ३० गते सम्पन्न जिल्ला सभाबाट २९ सदस्यीय नयाँ जिल्ला कार्यसमिति सर्वसम्मत रूपमा चयन गरिएको थियो । तर नयाँ नेतृत्वले जिम्मेवारी सम्हालेपछि पुरानो कार्यकालसँग सम्बन्धित आर्थिक तथा भौतिक सम्पत्तिको हस्तान्तरण प्रक्रिया पूरा नभएको विषयमा विवाद उत्पन्न भएको हो ।

विज्ञप्तिमा उल्लेख गरिएअनुसार करिब २०६४/०६५ सालदेखि जिल्ला कोषाध्यक्ष र हाल केन्द्रीय सचिवको जिम्मेवारीमा रहेका पाण्डेयले लामो समयसम्म संगठनको नगद, जिन्सी सामान तथा फर्निचरको व्यवस्थापन गर्दै आएका थिए । तर नयाँ समितिले जिम्मेवारी सम्हालेपछि आवश्यक बरबुझारथ नगरी सम्पर्कविहीन बनेको आरोप लगाइएको छ ।

जिल्ला समितिका अनुसार पछिल्लो करिब ४० दिनदेखि पाण्डेयलाई पटक-पटक लिखित पत्राचार, मौखिक सम्पर्क प्रयास तथा दुई पटकसम्म हुलाकमार्फत औपचारिक सूचना पठाइए पनि कुनै प्रतिक्रिया नआएको दाबी गरिएको छ । यसले संगठनको दैनिक प्रशासनिक कार्य प्रभावित भएको समितिको भनाइ छ ।

समितिले स्पष्ट रूपमा संगठनको आर्थिक पारदर्शिता र सम्पत्ति हस्तान्तरण सुनिश्चित गर्नुपर्ने दायित्व भए पनि त्यसको पालना नभएकाले बाध्य भएर कडा कदम चाल्नुपरेको जनाएको छ ।

शुक्रबार बसेको जिल्ला सचिवालयको आकस्मिक बैठकले पाण्डेयले आवश्यक बरबुझारथ नगरेसम्म केन्द्रीय सचिव पदबाट निलम्बन गर्न केन्द्रीय समितिलाई सिफारिस गर्ने निर्णय गरेको हो । साथै, संगठनको सम्पत्ति विवरण, नगद तथा जिन्सी सामानको यथार्थ अवस्था छानबिन गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने निर्णयसमेत गरिएको विज्ञप्तिमा उल्लेख छ ।

जिल्ला समितिले आगामी दिनमा जिल्ला प्रशासन कार्यालय बारा तथा सम्बन्धित निकायले गर्ने अनुसन्धान, छानबिन र कानुनी प्रक्रिया प्रभावकारी बनाउन यस निर्णयले सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ ।

समिति अध्यक्ष अनिल कुमार पाण्डेले हस्ताक्षर गरेको विज्ञप्तिमा संगठनभित्र पारदर्शिता, जवाफदेहिता र संस्थागत अनुशासन कायम गर्न सबै पदाधिकारी जिम्मेवार हुनुपर्नेमा जोड दिइएको छ । यस घटनाले सामाजिक संस्थाहरूमा लामो समयसम्म एउटै व्यक्तिको आर्थिक जिम्मेवारी, हस्तान्तरण प्रक्रिया र आन्तरिक लेखा परीक्षणको विषयलाई पुनः सतहमा ल्याएको छ ।

## किसानका समस्या समाधानको माग गर्दै कोल्हवी नगरपालिकामा ज्ञापनपत्र

*नवीन चौधरी*
*बारा, ११ बैशाख*

बारा जिल्लाको कोल्हवी नगरपालिका भित्रका किसानहरूले भोग्दै आएका विविध कृषि समस्याको समाधान माग गर्दै नगर प्रमुख रामप्रसाद चौधरी समक्ष ज्ञापनपत्र बुझाएका छन् । स्थानीय सरोकारवालाको सहभागितामा शुक्रबार उक्त ज्ञापनपत्र पेश गरिएको हो ।



राष्ट्रिय स्वतन्त्र पार्टी (रा.स्व.पा.) कोल्हवी नगर समितिको अगुवाइमा बुद्धिजीवी, कृषक, समाजसेवी तथा स्थानीयवासीहरूको तर्फबाट पेश गरिएको ज्ञापनपत्रमा वडा नं. १ देखि ११ सम्मका किसानहरूले मल अभाव, सिँचाइ समस्या, कृषि विद्युतिकरण, कृषि उपजको उचित मूल्य अभाव, कृषि सामग्री वितरणमा अपारदर्शिता तथा पशुपालनसम्बन्धी चुनौती झेलिरहेको उल्लेख गरिएको छ ।

ज्ञापनपत्रमा किसानहरूले समयमा मल नपाउने र पाए पनि अत्यधिक मूल्य तिर्नुपर्ने बाध्यता अन्त्य गर्नुपर्नेमा जोड दिइएको छ। मलमा हुने कालोबजारी नियन्त्रण गरी दोषीमाथि कारबाही गर्न, सिँचाइका स्रोत संरक्षण गर्न तथा जंगल फडानी रोक्न पनि माग गरिएको छ। त्यस्तै, खेतसम्म विद्युत् विस्तार गरी कृषि मिटर उपलब्ध गराउनुपर्ने विषय पनि प्राथमिकतामा राखिएको छ ।

किसानहरूले उत्पादन गरेको अन्नबालीको उचित मूल्य नपाउँदा घाटा व्यहोर्नुपरेको उल्लेख गर्दै बजार व्यवस्थापनमा स्थानीय सरकारको सक्रियता आवश्यक रहेको बताएका छन् । साथै मल, बिउबिजनलगायत कृषि सामग्री वितरणमा पारदर्शिता कायम गरी नियमित अनुगमन गर्नुपर्ने माग पनि गरिएको छ ।

पशुपालन क्षेत्र सुधारका लागि उन्नत जातको नश्ल सुधार, पशु आहार उत्पादन प्रवर्द्धन, सहकारीमार्फत व्यवस्थापन र दूधजन्य परिकारको ब्रान्डिङ गरी बजार विस्तार गर्नुपर्ने माग समेत अघि सारिएको छ ।

ज्ञापनपत्रमा संयोजक जितन प्रसाद चौधरीसहित रा.स्व.पा.का विभिन्न वडाका पदाधिकारी, समाजसेवी तथा स्थानीय प्रतिनिधिहरूको हस्ताक्षर रहेको छ । ज्ञापनपत्र बुझाउँदै उनीहरूले किसानका समस्या समाधानमा नगरपालिका गम्भीर नदेखिए थप दबाबमूलक आन्दोलनका कार्यक्रम अघि बढाइने चेतावनी दिएका छन् ।

स्थानीय किसानहरूले वर्षौंदेखि भोग्दै आएका समस्या समाधानमा सम्बन्धित निकायले ध्यान नदिँदा कृषि उत्पादनमा प्रत्यक्ष असर परेको बताएका छन् । उनीहरूले अब किसानका आवाजलाई बेवास्ता नगरी ठोस पहल गर्न नगरपालिका समक्ष आग्रह गरेका छन् ।

## मानमत-कलैया-मटिअर्वा सडक ठेक्का तोडियो, लापरबाही गर्ने कम्पनीविरुद्ध कडा कारबाही प्रक्रिया सुरु

*शु.आ. संवाददाता*
*बारा, ११ बैशाख*

बाराको बहुप्रतीक्षित मानमत-कलैया-मटिअर्वा सडक स्तरोन्नति योजनामा लामो समयदेखि देखिएको ढिलासुस्ती अन्ततः ठेक्का तोडिने निर्णयसम्म पुगेको छ । हुलाकी राजमार्ग निर्देशनालय अन्तर्गतको योजना कार्यालय वीरगन्जले निर्माण व्यवसायी सप्तकोशी जलाधार-ओम साई एण्ड कम्पनी जेभी, काठमाडौंसँगको ठेक्का सम्झौता औपचारिक रूपमा अन्त्य गरेको हो ।



कार्यालयले सार्वजनिक सूचना जारी गर्दै ठेक्का नं. ज्ए/३३७०११२८४/०७७-७८/ग्च-००५ अन्तर्गत बाँकी रहेको सडक स्तरोन्नति कार्य समयमै सम्पन्न गर्न कम्पनी असफल भएको जनाएको छ । पटक-पटक म्याद थप गरिए पनि निर्माण कम्पनीले अपेक्षित प्रगति नगरेपछि बाध्य भएर ठेक्का तोडिएको कार्यालयको भनाइ छ।

निर्देशनालयका अनुसार निर्माण कार्य अधुरै छाडिँदा सडक धुलाम्य र वर्षायाममा हिलाम्य बन्दै गएको थियो । यसका कारण सवारी दुर्घटनाको जोखिम बढ्नुका साथै स्थानीयवासीको दैनिक जनजीवन कष्टकर बन्दै आएको थियो । स्थानीयले लामो समयदेखि सडक निर्माण सम्पन्न गर्न माग गर्दै आएका थिए ।

योजना कार्यालयले निर्माण व्यवसायीलाई पटक-पटक लिखित तथा मौखिक रूपमा काम सम्पन्न गर्न निर्देशन दिएको थियो । कम्पनीले विभिन्न चरणमा लिखित प्रतिबद्धता जनाए पनि कार्यान्वयन नगरेपछि अन्ततः गत २०८२ असोज ३१ गते १५ दिने अन्तिम स्पष्टीकरण माग गर्दै सूचना प्रकाशित गरिएको थियो । तर, त्यसपछि पनि सन्तोषजनक प्रगति नदेखिएपछि सार्वजनिक खरिद ऐन २०६३ अनुसार ठेक्का अन्त्य गर्ने निर्णय लिइएको हो ।

ठेक्का तोडिएसँगै अब निर्माण कम्पनीको कार्यसम्पादन जमानत रकम जफत गर्ने, बाँकी काम सम्पन्न गर्न लाग्ने अतिरिक्त खर्च सरकारी बाँकीसरह असुलउपर गर्ने तथा कम्पनीलाई कालोसूचीमा राख्न सिफारिस गर्ने प्रक्रिया अघि बढाइएको छ ।

साथै, हालसम्म सम्पन्न भएको कार्यको नापजाँच, मूल्यांकन र वित्तीय फरफारखका लागि कम्पनी वा त्यसका प्रतिनिधिलाई सूचना प्रकाशित भएको १५ दिनभित्र योजना कार्यालयमा उपस्थित हुन अन्तिम अवसर दिइएको छ । तोकिएको समयभित्र उपस्थित नभए कार्यालयले एकतर्फी रूपमा नापजाँच प्रक्रिया अघि बढाउने चेतावनी दिएको छ ।

सरकारको यो निर्णयसँगै लामो समयदेखि अलपत्र रहेको मानमत-कलैया-मटिअर्वा सडक आयोजना अब नयाँ प्रक्रियाबाट अगाडि बढ्ने अपेक्षा गरिएको छ । स्थानीयवासीले भने यथाशीघ्र नयाँ निर्माण प्रक्रिया अघि बढाई सडकको स्तरोन्नति सम्पन्न गर्न सरकारसँग माग गरेका छन् ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम बिहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# सरकारी विज्ञापन एकाधिकार र प्रेस स्वतन्त्रताको प्रश्न

सरकारले सरकारी विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने निर्णयविरुद्ध देशभर पत्रकारहरु आन्दोलित हुनु केवल एउटा प्रशासनिक असन्तुष्टि होइन, यो प्रेस स्वतन्त्रताको मूल प्रश्नसँग जोडिएको विषय हो ।

नेपाल पत्रकार महासंघको आह्वानमा देशका विभिन्न जिल्लामा भएको विरोध र प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापनपत्रले सरकारको उक्त निर्णयप्रति गम्भीर असहमति प्रकट गरेको छ । रौतहट, बारा, पर्सालगायत जिल्लामा पत्रकारहरुले गरेको आन्दोलनले सञ्चार क्षेत्रको साझा चिन्ता उजागर गरेको छ ।

महासंघले सरकारी विज्ञापनमा एकाधिकार कायम गर्ने प्रयासले निजी तथा सामुदायिक सञ्चारमाध्यमलाई आर्थिक रुपमा कमजोर बनाउने र अन्ततः हजारौं सञ्चारकर्मीको रोजगारी संकटमा पर्ने चेतावनी दिएको छ । नेपालको सन्दर्भमा विज्ञापन आम्दानीमा निर्भर सञ्चारमाध्यमहरुको संरचना हेर्दा यो चिन्ता अस्वाभाविक देखिँदैन ।

लोकतान्त्रिक व्यवस्थामा सूचना प्रवाहलाई नियन्त्रण वा सीमित गर्ने कुनै पनि नीति सधैं प्रश्नको घेरामा पर्छ । सरकारी विज्ञापनको वितरण यदि एकतर्फी रुपमा मात्र केन्द्रित गरियो भने त्यसले सञ्चार क्षेत्रको विविधता, प्रतिस्पर्धा र सन्तुलनमा प्रतिकूल असर पार्ने निश्चित छ । अर्कोतर्फ, सरकारको तर्क पारदर्शिता र प्रभावकारी खर्च व्यवस्थापनसँग जोडिएको हुन सक्छ । तर यस्तो नीति बनाउँदा सरोकारवाला पक्षसँग पर्याप्त छलफल र सहमति अनिवार्य हुन्छ । एकपक्षीय निर्णयले दीर्घकालीन रुपमा विश्वासको संकट निम्त्याउने सम्भावना रहन्छ । पत्रकार महासंघले चार बुँदे मागसहित परिपत्र तत्काल खारेज गर्न, विज्ञापन वितरण प्रणालीलाई पारदर्शी बनाउन र सञ्चार क्षेत्र संरक्षणका लागि दीर्घकालीन नीति ल्याउन आग्रह गरेको छ । यी मागहरु केवल संस्थागत हितका लागि मात्र होइन, समग्र सूचनाको अधिकार र लोकतान्त्रिक मूल्यको संरक्षणसँग सम्बन्धित छन् । यदि सरकार र सञ्चार क्षेत्रबीच संवादमार्फत समाधान खोजिएन भने यो विवाद अझ गहिरो बन्न सक्छ । त्यसैले अहिलेको आवश्यकता टकराव होइन, सहमति र सन्तुलन हो । लोकतन्त्रमा प्रेस स्वतन्त्रता कमजोर बनाउने कुनै पनि कदम अन्ततः स्वयं लोकतन्त्रकै लागि चुनौती बन्न पुग्छ ।

# नयाँ सरकार, भूराजनीति र एसपीपी



*डा. राजेन्द्र चापागाईं*

एसपीपी र आईपीएसजस्ता प्रस्तावमा दीर्घकालीन प्रभाव र रणनीतिक पक्ष मूल्यांकन आवश्यक छ।

एसपीपी अमेरिकाको रक्षा विभाग र नेशनल गार्डद्वारा अन्य देशसँग सञ्चालन गरिने दीर्घकालीन सुरक्षा सहकार्य कार्यक्रम हो। यसको उद्देश्य विभिन्न देशसँग सैन्य, सुरक्षा तथा विपद् व्यवस्थापन क्षेत्रमा सहकार्य विस्तार गर्नु हो । सन् १९९३ मा शीतयुद्धपछि सुरु भएको यो कार्यक्रम हाल एक सयभन्दा बढी देशमा विस्तार छ । यसले अमेरिकी राज्यहरू र साझेदार देशबीच दीर्घकालीन सैन्य तथा सुरक्षा सम्बन्ध विकास गर्छ । एसपीपी नेसनल गार्ड ब्युरोद्वारा नियन्त्रित भई अमेरिकी विदेश नीतिका रणनीतिक लक्ष्यअनुसार सञ्चालन हुन्छ। यद्यपि यसको मूल उद्देश्य सुरक्षा सहकार्य भए पनि यसले राजनीतिक, आर्थिक र सामाजिक आयामसमेत समेट्दै विश्वभर अमेरिकी प्रभाव विस्तारमा योगदान पुर्‍याउँछ।

नेपाल सन्दर्भ : नेपालको समकालीन राजनीतिमा एसपीपी, एमसीसी र बीआरआईजस्ता अन्तर्राष्ट्रिय कार्यक्रमहरू केवल आर्थिक वा सुरक्षा सहकार्यका विषयमात्र नभई भू-राजनीतिक सन्तुलन, परराष्ट्रनीति र राष्ट्रिय स्वाधीनतासँग गहिरो रूपमा जोडिएका बहस बनेका छन्। नेपालमा एसपीपीको प्रारम्भिक चर्चा २०७२ को भूकम्पपछि विपद् व्यवस्थापन क्षमता सुधारका लागि तत्कालीन प्रधानसेनापति राजेन्द्र क्षेत्रीले पत्राचार गरेसँगै सुरु भएको हो। त्यसपछि सन् २०१७ मा सैन्य तहबाट पुनः रुचि व्यक्त भयो र २०१९ मा अमेरिकाद्वारा नेपाललाई साझेदारका रूपमा स्वीकार गरिएको कुरा सार्वजनिक भयो। यद्यपि त्यतिबेला यो विषय खासै राजनीतिक बहस बनेन ।

तर २०७९ जेठमा अमेरिकी सैन्य अधिकारीहरू चार्ल्स फ्लिन र माइकल टर्लीको नेपाल भ्रमणमा राष्ट्रपति, प्रधानमन्त्री र सेनापतिसँग भेट गर्दै एसपीपी सम्झौता यथाशीघ्र हस्ताक्षर गर्न दबाब दिएका थिए। साथै, त्यही बेलाको अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुको भ्रमणका क्रममा पनि प्रस्ताव उठेपछि यो विषय सार्वजनिक बहसको केन्द्रमा आयो । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सोही वर्ष असार अन्तिम हप्तातिर हुने अपेक्षित अमेरिका भ्रमण कार्यक्रमसमेत विवादमा तानियो । अन्ततः व्यापक राजनीतिक दबाबपछि २०७९ असारमा नेपाल सरकारले एसपीपीमा सहभागी नहुने निर्णय गर्‍यो । एसपीपी प्रस्तावमा के छ ? : अमेरिकाले देशअनुसार एसपीपी सम्झौताका सर्तहरू फरक राख्ने गर्छ । सन् २०२२ मा अमेरिकाले नेपाललाई पेस गरेको एसपीपी प्रस्तावले केवल नियमित सैन्य प्रशिक्षणभन्दा व्यापक दायरालाई समेट्छ । १० धारामा विभाजित यस प्रस्तावमा संयुक्त सैन्य तालिम, विपद् व्यवस्थापन, आतंकवाद नियन्त्रण, तथा दुवै देशका सैनिकले एकअर्काको देशमा अध्ययन गर्न पाउने छात्रवृत्तिजस्ता विषय समावेश छन् । झट्ट हेर्दा सुरक्षा र प्राविधिक सहकार्यका केही सकारात्मक पक्ष पनि देखिन्छन् । देशका विभिन्न पत्रपत्रिकामा प्रकाशित विवरणअनुसार धारा २ को पहिलो बुँदामा 'नेपाल सरकारले स्थानीय सरकारहरूको नियन्त्रणमा रहेका क्षेत्रमा संयुक्त राज्य नेसनल गार्डलाई प्रशिक्षणका लागि अस्थायी पहुँच उपलब्ध गराउनेछ' भनिएको छ । दोस्रो बुँदामा नेपाल सरकारले सुरक्षा र सञ्चालनगत चासोमा ध्यान दिने उल्लेख छ । धारा ३ को उपधारा १ मा नेसनल गार्ड र नेपाली सेनाले सहकार्य गर्ने क्षेत्र निर्धारण गरिएको छ ।

उक्त उपधारा अन्तर्गतका ९ बुँदामा नेपालमा उच्च भूभागमा संयुक्त प्रशिक्षण, पेसागत क्षमता विकास, विपद् व्यवस्थापन तथा उद्धार, फेलोसिप कार्यक्रम, साइबर सुरक्षा सहयोग, हल्का एवं कम घातक सैन्य सामग्री सहयोग र आतंकवादविरुद्ध सहयोगजस्ता बुँदा समेटिएका छन् ( कान्तिपुर/अनलाइन खबर, जेठ ३१, २०७९) । प्रारम्भमा, मस्यौदा सम्झौताले पाँच वर्षको साझेदारी प्रस्ताव गरेको र सोहीअनुसार म्याद थप हुँदै जाने वा एक पक्षले ६ महिनाको सूचना दिएर सम्झौताबाट बाहिरिन सक्ने व्यवस्थासमेत गरिएको छ । सर्सर्ती हेर्दा प्रस्तावका बुँदाहरू त्यति आपत्तिजनक नदेखिए पनि तिनका अल्प र दीर्घकालीन प्रभावबारे राजनीतिक दल, नागरिक समाज र सञ्चार माध्यमबीच तीव्र बहसको जन्म भयो ।

नेपालले विकास, पूर्वाधार र सुरक्षा सहकार्यबाट लाभ उठाउनुपर्छ । तर यसको मूल्यमा स्वाधीनता, परराष्ट्र नीति वा क्षेत्रीय सन्तुलनमा क्षति हुनु हुँदैन ।

शक्ति राष्ट्रहरूले आफ्ना स्वार्थअनुसार साझेदारी विस्तार गर्नु स्वाभाविक हो । त्यसैले नयाँ सरकारले भूराजनीतिक संवेदनशीलता बुझ्दै विवेकपूर्ण निर्णय लिनुपर्छ ।

रणनीतिक आशंका र एसपीपी : एसपीपीको प्रस्ताव नेपालमा विवादास्पद बन्यो । पहिलो कुरा त अमेरिकी सैनिक कुनै पनि बहानामा कुनै देशमा पस्यो भने सम्झौतामा भनिएको समयमा बाहिरिन चाहँदैन भन्ने आशंका गरियो। एकपटक यस्तो कार्यक्रम सुरु भएपछि नेपाल दीर्घकालीन रूपमा सुरक्षा सहकार्यमा बाँधिन सक्ने तर्क पनि उठाइयो। शक्ति राष्ट्रका सैनिक गतिविधि माथि साना देशले आशंका गर्नु स्वाभाविक नै हो। संयुक्त तालिम कार्यक्रम र सैनिक अधिकृत आदान-प्रदान कार्यक्रममार्फत एसपीपीमा साझेदार देशलाई अमेरिकाले आफ्ना सहयोगी राष्ट्र ठान्ने र अन्य संस्थागत अभ्यासहरू लागू गराउने तथा अमेरिकी सैन्य गतिविधि बढ्न सक्ने पनि संशय गरियो । अर्कोतर्फ, विदेशी सैनिकहरूको कानुनी हैसियत, उपकरण आवागमन र आपत्कालीन तैनाथीका विषयमा स्पष्ट नभएको भन्दै आलोचना भयो । विशेषगरी धारा ३ को बुँदा १.१, जसमा हिमाली उच्च भूभागमा संयुक्त प्रशिक्षण अभ्यास हुने उल्लेख छ। धारा २ को पहिलो बुँदामा स्थानीय सरकारको नियन्त्रणमा रहेका उच्च भूभाग क्षेत्रमा अस्थायी सैन्य पहुँच उपलब्ध गराइने भनिएको छ।

यसले चीन केन्द्रित अमेरिकी रणनीतिक प्रभावको विस्तारका रूपमा आशंका गर्ने ठाउँ दियो । नेपालको हाई अल्टिच्युड भूभाग चीनको सीमा क्षेत्रमा पर्छन्। त्यही भूभागमा अमेरिकी सैन्य तालिम केन्द्र/ब्यारेक स्थापना हुनु निश्चित रूपमा चीनका लागि सहज कुरा हुन सक्दैन । अमेरिका-चीनबीचको अनौपचारिक शीतयुद्धको पृष्ठभूमिमा नेपालले एमसीसी स्वीकार गरी हिमाली क्षेत्रमा अमेरिकी सैन्य गतिविधि अनुमति दिएको भए, यो असंलग्न परराष्ट्र नीतिको उल्लंघन मानिन सक्थ्यो । यसलाई नेपाल अमेरिकी सैन्य संलग्नतामा गएको रूपमा पनि बुझिन्थ्यो। भारतले पनि यसलाई क्षेत्रीय सुरक्षा सन्तुलनको दृष्टिले फरक रूपमा व्याख्या गर्न सक्थ्यो।

भूराजनीतिक जटिलतामा एमसीसी, एसपीपी र बीआरआई : नेपालको परराष्ट्र नीति परम्परागत रूपमा सन्तुलन र असंलग्नतामा आधारित छ। शक्तिराष्ट्रबीचको प्रतिस्पर्धा बढ्दै जाँदा यो सन्तुलन कायम राख्न झन् चुनौतीपूर्ण बन्दै गएको छ। नेपालको भूराजनीतिक अवस्थाले गर्दा अमेरिकी एमसीसी परियोजना, चिनियाँ बीआरआई र अमेरिकी सुरक्षा साझेदारी एसपीपी नेपालमा गम्भीर बहस र विवादका विषय बने । एमसीसीजस्तो विद्युत् प्रसारणलाइन निर्माण र सडक मर्मतसँग र बीआरआईजस्तो पूर्वाधार तथा सडक सञ्जालसँग सम्बन्धित कार्यक्रम त विवादरहित रहन सकेनन् भने 'संयुक्त सुरक्षा' नीतिसँग सम्बन्धित एसपीपी कार्यक्रम विवादमा नपर्ने कुरै भएन। एसपीपीलाई त अमेरिकी क्षेत्रीय रणनीति, विशेषतः इन्डो प्यासफिक स्ट्राटेजी (आईपीएस)सँग जोडेर हेरिन्छ । यस प्रस्तावित मस्यौदामा अमेरिकी सैनिकलाई नेपालका उच्च हिमाली क्षेत्रमा अभ्यास गराउने प्रावधान छ, जुन आईपीएसका लक्ष्यसँग मेल खान्छ । एसपीपी आईपीएसभन्दा पहिले सुरु भएको हो, तर वर्तमान सन्दर्भमा यी दुईलाई छुट्याएर हेर्न सकिँदैन । यसले नेपाललाई प्रतिस्पर्धी शक्तिराष्ट्रबीच जटिल कूटनीतिक अवस्थातर्फ धकेल्ने जोखिम रहन्छ। चीनले एसपीपीलाई आफ्नो क्षेत्रीय प्रभावलाई असर पार्नेमात्र नभई, चीनलाई अमेरिकाले दिएको चुनौती र चेतावनीका रूपमा हेर्न सक्थ्यो । त्यसैगरी, भारतले पनि नेपालको सुरक्षा संरचनामा नयाँ शक्ति अमेरिका प्रवेश गरेको रूपमा बुझेर नेपाल-भारत सम्बन्ध अझ चिसो हुन सक्थ्यो।

नयाँ सरकारले एसपीपीमा सहमति गर्ला भन्ने शंका गरिए पनि प्रधानमन्त्रीले सहभागी नहुने घोषणा गर्नु सकारात्मक हो। अमेरिकाले अर्को नाममा यस्तै प्रस्ताव ल्याए पनि सरकारले भूराजनीतिक संवेदनशीलता ध्यानमा राखी अस्वीकार गर्नुपर्छ । एसपीपीजस्ता सुरक्षा सहकार्य कार्यक्रमहरू केवल सैन्य तालिम नभई क्षेत्रीय शक्ति सन्तुलनसँग जोडिएका संवेदनशील कूटनीतिक मुद्दा हुन्।

एसपीपीको अस्वीकृति : २०७९ सालमै तत्कालीन सरकारले एसपीपी प्रस्ताव अस्वीकार गर्दै 'मन्त्रिपरिषद्को असार ६ मा बसेको बैठकले एसपीपीबाट बाहिरिने निर्णय गरेको थियो, त्यसको करिब एक महिनापछि परराष्ट्र मन्त्रालयले साउन ९ गते अमेरिकालाई पत्र पठाएको हो' (नागरिक, १३ साउन २०७९) । यस निर्णयलाई अमेरिकाले पनि स्वीकार गर्दै 'पत्र प्राप्त भएको पुष्टि गर्दै नेपाल सरकारको निर्णयलाई पूर्ण स्वीकार गर्ने प्रतिक्रिया दिएको छ' (प्रशासन एक्सक्लुसिभ- १४ साउन २०७९) । काठमाडौंस्थित अमेरिकी दूतावासका तत्कालीन पब्लिक अफेयर्स प्रमुख ग्यारेट विल्कर्सनले समेत नेपाल सरकारको पत्र प्राप्त भएको जनाइसकेका थिए, 'नेपाल सरकारले एसपीपीबाट बाहिरिने निर्णयसहित पठाएको औपचारिक पत्र प्राप्त भएको छ... निर्णयलाई हामी पूर्ण रूपमा स्वीकार गर्छौं' (नागरिक- १३ साउन २०७९) भनी स्पष्ट छ ।

एसपीपी प्रस्ताव अस्वीकार गरिएको भए ता पनि सोही प्रस्तावअन्तर्गत दुईवटा हवाईसाधन नेपाली सैनिकले लिएको कुरा तत्कालीन प्रधानसेनापति प्रभुराम शर्माले अन्तर्राष्ट्रिय सम्बन्ध समिति बैठकमा भनेको पाइन्छ, 'एसपीपीअन्तर्गत चारवटा हवाईसाधन उपलब्ध गराउने प्रतिबद्धताअनुसार दुईवटा आइसकेको र एउटा चाँडै आउने पनि जानकारी दिए' (२०७९ असार ४, नयाँ पत्रिका) । यस्तो अवस्थामा एसपीपी प्रस्ताव पुनः ब्युँतिन सक्छ भन्ने आशंका गरिएको थियो । तर नयाँ सरकारले यसमा पुनः चासो वा प्रतिक्रिया दिएन, दिनुपर्ने आवश्यकता पनि छैन ।

नयाँ सरकार र सन्तुलित कूटनीति : राष्ट्रिय स्वतन्त्र पार्टीको करिब दुईतिहाइ बहुमतसहितको नयाँ सरकारले आन्तरिक, भूराजनीतिक र वैश्विक मामिलामा संयम, गम्भीरता र दीर्घकालीन सोचका साथ निर्णय लिनुपर्छ । अहिलेको निर्वाचन विदेशी प्रभावमा भएको र रास्वपाले अनपेक्षित मत प्राप्त गरेको भन्ने विश्लेषणबीच, त्यस्ता आरोपलाई गलत सावित गर्न नयाँ सरकारले कुनै विदेशी दबाब वा प्रभावमा नभई पूर्ण रूपमा स्वतन्त्र र विवेकपूर्ण निर्णय लिनु आवश्यक छ । आजको विश्व राजनीतिमा अन्तर्राष्ट्रिय परियोजनाहरू केवल विकास वा सहकार्यका विषयमात्र होइनन्, ती रणनीतिक र भूराजनीतिक आयामसमेत बोकेका हुन्छन्। त्यसैले एमसीसी, बीआरआई र एसपीपीजस्ता कार्यक्रमहरूमा निर्णय गर्दा भावनाभन्दा गहिरो विश्लेषण, विज्ञ परामर्श र दीर्घकालीन प्रभावको मूल्यांकन अनिवार्य हुन्छ ।

नेपालले यस्ता सहकार्य स्वीकार गर्दा भावावेग वा दबाबमा होइन, दृश्य-अदृश्य आशय, अल्प-दीर्घकालीन प्रभाव र भूराजनीतिक सन्तुलनको मिहिन विश्लेषण गर्दै सावधानीपूर्वक निर्णय लिनुपर्छ । नेपालले विकास, पूर्वाधार र सुरक्षा सहकार्यबाट लाभ उठाउनुपर्छ । तर यसको मूल्यमा स्वाधीनता, परराष्ट्र नीति वा क्षेत्रीय सन्तुलनमा क्षति हुनु हुँदैन । शक्ति राष्ट्रहरूले आफ्ना स्वार्थअनुसार साझेदारी विस्तार गर्नु स्वाभाविक हो । त्यसैले नयाँ सरकारले भूराजनीतिक संवेदनशीलता बुझ्दै विवेकपूर्ण निर्णय लिनुपर्छ। एसपीपी र आईपीएसजस्ता प्रस्तावमा दीर्घकालीन प्रभाव र रणनीतिक पक्ष मूल्यांकन आवश्यक छ । राष्ट्रिय हित केन्द्रमा राख्दै वैकल्पिक र दीर्घकालीन उपाय खोज्नु जनआकांक्षित हुनेछ ।

चापागाईं, राजनीतिशास्त्रका अध्येता र त्रिविका प्राध्यापक हुन् ।


## आवश्यक कागजात हराएको सुचना

कलैया उपमहानगरपालिका -६ मस्जिद टोल बस्ने समिम अंसारीका छोरा लादिन अंसारीले कलैया बाट बीरगंज जाने क्रममा बसमा आफ्नो क्लियरबैगमा राखेका जन्मदर्ता र +२ को माइग्रेसन सर्टिफिकेट तथा अन्य आवश्यक कागजातहरु हराएकोले फेला पार्ने महानुभावले सम्पर्क नम्बर ९८११११६५७९ मा जानकारी वा उपलब्ध गराईदिनुहुन हार्दिक अनुरोध छ ।


समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# हिन्दुकुश हिमालयमा लगातार चौथो वर्ष हिम सञ्चिति न्यूनतम

**काठमाडौं-** हिन्दुकुश हिमालय क्षेत्रमा हिम आवरण दीर्घकालीन औसतभन्दा २७.८ प्रतिशतले घटेको देखिएको छ । यसले गत वर्षको न्यूनतम् कीर्तिमान तोड्दै लगातार चौथो वर्ष औसतभन्दा कम हिम स्थायित्व देखाएको छ। यो तथ्य अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) द्वारा आज सार्वजनिक गरिएको 'स्नो अपडेट-२०२६' प्रतिवेदनमा उल्लेख छ। यस निरन्तर गिरावटले विश्वकै उच्च हिमाली क्षेत्रमा मौसमी हिम सञ्चिति प्रणालीगत रूपमा कमजोर हुँदै गएको सङ्केत गर्दछ ।



जसले यस क्षेत्रबाट उत्पन्न हुने १२ प्रमुख नदी बेसिनमा निर्भर करिब दुई अर्ब नागरिकको जल सुरक्षामा तत्काल र बढ्दो खतरा निम्त्याएको छ । तीमध्ये १० बेसिनमा अहिले औसतभन्दा कम हिम स्थायित्व रहेको छ। मेकङ, टारिम र तिब्बती पठारमा २४ वर्षको निगरानी अवधिमै सबैभन्दा न्यून स्तर रेकर्ड गरिएको छ ।

"हामीले देखिरहेको कुरा भनेको एक निरन्तर प्रवृत्ति हो, जहाँ मौसमी हिम सञ्चिति वर्षेनि घट्दै गएको छ", 'स्नो अपडेट-२०२६'का लेखक शेर मुहम्मदले भन्नुभयो, "यो तथ्याङ्कले एक महत्वपूर्ण मोड देखाउँछ, १२ मध्ये १० बेसिन सामान्यभन्दा तल छन् र केहीले दुई दशककै न्यूनतम् स्तर छोएका छन् ।"

हेलमण्ड बेसिनमा वार्षिक बहावको ७७.५ प्रतिशत र आमु दर्यामा ७४.४ प्रतिशत हिउँ पग्लनबाट प्राप्त हुने भएकाले यस वर्षको हिम कमीले पिउने पानी, सिँचाइ, जलविद्युत् र पारिस्थितिक प्रणालीमा प्रत्यक्ष असर पार्ने प्रतिवेदनमा उल्लेख छ। यसले विशेषगरी पानी आपूर्ति र बाढी व्यवस्थापनमा चिन्ता बढाएको छ । घट्दो हिउँ पग्लनले वसन्तकालीन बहाव घटाउनेछ र तल्लोतटीय क्षेत्रमा पानी अभाव झन तीव्र बनाउनेछ।

इण्डस, हेलमण्ड र आमु दर्या नदी बेसिनका किसानले बाली रोप्ने प्रारम्भिक मौसममै सिँचाइ अभावको सामना गर्नेछन्। मेकङ, याङेत्से (जहाँ थ्रि गर्जेज ड्याम सञ्चालनमा छ) र ब्रह्मपुत्र क्षेत्रमा जलविद्युत उत्पादन पनि प्रारम्भिक गर्मीयाममा सामान्यभन्दा कम हुने अपेक्षा गरिएको छ । यो सङ्कटलाई अझ गम्भीर बनाउँदै, लगातार कम हिमपात भएका वर्षहरूले भू-जल र माटोको आर्द्रता पुनःभरण हुन नदिएकाले भविष्यमा खडेरीको जोखिम बढेको छ।

"हरेक सुक्खा अवधि अझ कडा प्रभाव पार्नेछ", प्रतिवेदनमा भनिएको छ, "यी अन्तरसम्बन्धित समस्यामा क्षेत्रीय सहकार्य अब अत्यन्त आवश्यक भएको छ । यसमा आकस्मिक प्रतिक्रिया होइन, वैज्ञानिक आधारमा सक्रिय व्यवस्थापनतर्फ सोचनुपर्छ ।"

प्रतिवेदनका अनुसार केवल दुई नदी बेसिनमा मात्र औसतभन्दा बढी हिम स्थायित्व देखिएको छ। गङ्गा बेसिनमा १६.३ प्रतिशत र इरावडी बेसिनमा २१.८ प्रतिशत बढी हिम स्थायित्व देखिएको छ, यद्यपि यसले स्थानीय रूपमा केही राहत दिए पनि क्षेत्रीय सङ्कटलाई सन्तुलन गर्न पर्याप्त छैन। यसविपरीत मेकङमा ५९.५ प्रतिशत, तिब्बती पठारमा ४७.४ प्रतिशत र सालविनमा ४१.८ प्रतिशत हिम स्थायित्वको कमी देखिएको छ । इसिमोडले राष्ट्रिय तथा स्थानीय निकायलाई तत्काल खडेरी तयारी तथा प्रतिक्रिया योजना सक्रिय गर्न, वास्तविक समय हिम तथ्याङ्कलाई जल व्यवस्थापनमा समावेश गर्न, पानी सञ्चय र दक्षता उपायमा लगानी बढाउन तथा अन्तरदेशीय जल सहकार्य सुदृढ गर्न आग्रह गरेको छ।

## सरकारी........

सञ्चार विज्ञहरूका अनुसार यस्तो नीति लागू भएमा सञ्चार क्षेत्रको विविधता, प्रतिस्पर्धा र स्वतन्त्रता कमजोर हुने जोखिम बढ्छ।

उनीहरूले लोकतान्त्रिक शासन व्यवस्थामा स्वतन्त्र र विविध सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुने भएकाले सरकारका यस्ता निर्णय पुनर्विचारयोग्य रहेको सुझाव दिएका छन् ।

यसैबीच, सरकार भने हालसम्म उक्त निर्णयबारे पुनर्विचार गर्ने संकेत नदेखाएको भन्दै सञ्चार क्षेत्रले असन्तुष्टि जनाएको छ । सरोकारवालाहरूले संवाद र सहकार्यबाट समस्या समाधान गर्न सरकारसँग आग्रह गरेका छन्।

पत्रकार महासंघले चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्ने तयारी गरिरहेको जनाइएको छ । सञ्चार क्षेत्रको अस्तित्व र प्रेस स्वतन्त्रताको रक्षाका लागि एकताबद्ध भएर आन्दोलनलाई अझ सशक्त बनाउने पत्रकारहरूको प्रतिबद्धता देखिएको छ ।

## विज्ञापन......

परिपत्रका आधारमा जारी गरिएको उक्त सूचनाले देशभरका पत्रपत्रिका, अनलाइन तथा अन्य सञ्चारमाध्यमलाई प्रत्यक्ष असर पारेको छ। विशेषगरी लोककल्याणकारी विज्ञापनमै निर्भर रहेका साना तथा स्थानीय सञ्चारमाध्यम सञ्चालनमै समस्या पर्ने अवस्था देखिएको छ।

निर्देशनअनुसार हालका लागि पत्रपत्रिकाहरूलाई लोककल्याणकारी विज्ञापनसम्बन्धी बिल नबनाउन र नयाँ विज्ञापन सामग्री प्रकाशन नगर्न भनिएको छ। साथै, यसबारे सम्बन्धित सबै सरोकारवालालाई जानकारी गराउन समेत आग्रह गरिएको छ।

तर सञ्चार क्षेत्रका सरोकारवालाहरूले राज्यकै नीतिअनुसार प्रकाशित विज्ञापनको भुक्तानी रोक्नु गैरजिम्मेवार कदम भएको भन्दै विरोध जनाएका छन् । उनीहरूका अनुसार यस्तो निर्णयले प्रेस स्वतन्त्रता कमजोर पार्नुका साथै सञ्चारमाध्यमको आर्थिक आधार नै धरापमा पार्ने खतरा बढाएको छ।

सञ्चार उद्यमी तथा प्रकाशकहरूले तत्काल भुक्तानी प्रक्रिया सुचारु गर्न, स्पष्ट बजेट व्यवस्थापन गर्न र विज्ञापन वितरण तथा भुक्तानी प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सरकारसँग माग गरेका छन् । अन्यथा, साना तथा स्थानीय सञ्चारमाध्यम बन्द हुने जोखिम बढ्ने चेतावनी समेत दिइएको छ।

# वीरगंजमा सडक विस्तारविरूद्ध प्रभावित घरधनी तथा व्यवसायीहरुको विशाल प्रदर्शन, उचित मुआब्जाको माग

***शु.आ. सम्बाददाता***
***वीरगंज, ११ बैशाख***

वीरगंजको मुख्य सडक क्षेत्रमा गरिएको सडक विस्तार तथा संरचना हटाउने क्रममा डोजर प्रयोग गरी घर तथा व्यापारिक संरचना भत्काइएपछि प्रभावित घरधनी र व्यवसायीहरूले आज सशक्त विरोध प्रदर्शन गरेका छन्। हजारौँको संख्यामा भेला भएका स्थानीयवासीहरूले नगर परिक्रमा गर्दै राज्यको कदमविरुद्ध नाराबाजी गरेका हुन्।




प्रदर्शनकारीहरूले "डोजर आतंक बन्द गर", "सडक डिभिजन मुर्दावाद", "घरधनी तथा जग्गाधनीलाई मुआब्जा देऊ" लगायतका नारासहित सडक विस्तार कार्य तत्काल रोक्न माग गरेका थिए । उनीहरूले उचित मुआब्जा र पुनःस्थापनाको स्पष्ट व्यवस्था नगरी घर तथा व्यवसाय हटाउनु अन्यायपूर्ण र पीडादायी भएको आरोप लगाएका छन्।

वीरगंज बचाउ संघर्ष समितिको नेतृत्वमा आर्दशनगरबाट सुरु भएको विरोध ऱ्याली नगरका विभिन्न भाग हुँदै जिल्ला प्रशासन कार्यालय पर्सासम्म पुगेको थियो । प्रदर्शनकारीहरूले प्रशासन कार्यालय परिसरमा पुगेर आफ्नो मागसहितको ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई बुझाएका छन्।

ज्ञापनपत्रमा सडक विस्तारका नाममा दीर्घकालीन रूपमा बसोबास गर्दै आएका घरधनी तथा व्यवसायीहरूलाई बिना विकल्प विस्थापित गरिएको उल्लेख गर्दै तत्काल क्षतिपूर्ति तथा पुनःस्थापनाको व्यवस्था गर्न सरकारसँग आग्रह गरिएको छ। साथै, विकासका नाममा गरिएको कार्यले स्थानीयको जीवनयापनमा गम्भीर असर परेको भन्दै तत्काल संवादमार्फत समाधान खोज्नुपर्ने मागसमेत गरिएको छ। प्रदर्शनका क्रममा सहभागीहरूले राज्यले पीडितहरूको समस्या बेवास्ता गरे थप कडा आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् । स्थानीयवासीहरूले विकास कार्य आवश्यक भए पनि त्यसलाई मानवीय र कानुनी प्रक्रिया अनुसार अघि बढाइनुपर्नेमा जोड दिएका छन्।

यसैबीच, सुरक्षा निकायको बाक्लो उपस्थिति बीच प्रदर्शन शान्तिपूर्ण रूपमा सम्पन्न भएको जनाइएको छ ।

# रौतहटमा ठूलो परिमाणको भन्सार छली तोरी-सरसो र इन्धनसहित सवारीसाधन नियन्त्रणमा

***शु.आ. सम्बाददाता***
***रौतहट, ११ बैशाख***

रौतहट प्रहरीले भन्सार छली गरेर नेपाल भित्र्याइएका ठूलो परिमाणका कृषि सामग्रीसहित एक पिकअप गाडी र चालकलाई नियन्त्रणमा लिएको छ। नियन्त्रणमा लिइएका सामानमा साढे ३२ क्विन्टलभन्दा बढी तोरी-सरसो तथा अवैध रूपमा ल्याइएको डिजेलसमेत रहेका छन्।





ईलाका प्रहरी कार्यालय मौलापुरबाट खटिएको टोलीले मौलापुर नगरपालिका-३ मा गरेको नियमित चेकजाँचका क्रममा ज १ च १३४३ नम्बरको पिकअप गाडीमा लुकाइ-छिपाइ भारतबाट ल्याइएको २ हजार ९ सय किलो तोरी र ३ सय ५० किलो सरसो फेला पारेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

उक्त गाडीका चालक सर्लाहीको लालबन्दी नगरपालिका-७ निवासी २५ वर्षीय पवन साहलाई प्रहरीले नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी विष्णु प्रदीप बस्यालका अनुसार प्रारम्भिक अनुमानअनुसार बरामद गरिएको तोरी-सरसोको मूल्य करिब ३ लाख ९० हजार रुपैयाँ बराबर रहेको छ भने पिकअप गाडीको मूल्य झण्डै २० लाख रुपैयाँ आँकिएको छ।

यसैगरी, सोही क्षेत्रमा गरिएको छुट्टै कारबाहीका क्रममा दुई ग्यालेनमा लुकाइ राखी अवैध रूपमा नेपालतर्फ ल्याइँदै गरेको करिब १० हजार ५ सय ३० रुपैयाँ बराबरको डिजेलसमेत बरामद गरिएको प्रहरीले जनाएको छ । साथै बिआर ०५ एल ४५६० नम्बरको मोटरसाइकल पनि नियन्त्रणमा लिइएको छ, जसको मूल्य करिब ५० हजार रुपैयाँ अनुमान गरिएको छ।

डिएसपी बस्यालका अनुसार बरामद गरिएको सम्पूर्ण सामान, सवारीसाधन र संलग्न व्यक्तिलाई आवश्यक कानुनी कारबाहीका लागि जिल्ला भन्सार कार्यालय, रौतहटमा बुझाइएको छ। प्रहरीले सीमा क्षेत्रमा हुने अवैध आयात-निर्यात नियन्त्रण गर्न चेकजाँच थप कडाइ गरिएको जनाएको छ।

# हरनहियामा 'प्रकाश डेन्टल केयर' उद्घाटन, आधुनिक दन्त सेवा सुरू

***रुपेश यादव***
***बारा, ११ वैशाख***

बाराको आदर्श कोतवाल गाउँपालिका-४ हरनहिया मा 'प्रकाश डेन्टल केयर' नामक दन्त क्लिनिक सञ्चालनमा आएको छ । शुक्रबार धार्मिक विधिअनुसार पूजापाठ गरी क्लिनिकको औपचारिक उद्घाटनसँगै सेवा सुरु गरिएको हो ।




क्लिनिकका सञ्चालक तथा सामान्य दन्त चिकित्सक मनिभुषण यादव का अनुसार यहाँ दाँत तथा मुखसम्बन्धी रोगहरूको परीक्षण, एक्स-रेमार्फत रोग पहिचान तथा गुणस्तरीय उपचार सेवा प्रदान गरिनेछ। साथै दाँत निकाल्ने वा जोगाउने उपचार, रुट क्यानल, दाँत सफा तथा सेतो बनाउने, नक्कली तथा अस्थायी दाँत जडानलगायतका सेवा उपलब्ध रहने उनले जानकारी दिए ।

उनले समयमै उपचार नगर्दा सामान्य समस्या पनि जटिल बन्न सक्ने भएकाले नियमित दन्त परीक्षण आवश्यक रहेको बताए । क्लिनिकमा सरसफाइलाई विशेष प्राथमिकता दिइने र आर्थिक अवस्था कमजोर भएका बिरामीलाई विशेष छुटको व्यवस्था गरिएको समेत उनले उल्लेख गरे।

ग्रामीण क्षेत्रमा आधुनिक दन्त सेवा विस्तार भएसँगै स्थानीयवासी उत्साहित भएका छन्। यसले अब यस भेगका सर्वसाधारणलाई सहज र गुणस्तरीय दन्त उपचार सेवा उपलब्ध हुने अपेक्षा गरिएको छ।

उद्घाटन कार्यक्रममा स्थानीय भद्रभलाद्मी, युवा समूह तथा सञ्चारकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।




तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# रौतहटमा लागुऔषधसहित अटो चालक पक्राउ, अवैध कुखुरा बरामद गरी नष्ट

*शु. आ. सम्बाददाता*
*रौतहट, ११ वैशाख*

गौर भन्सार क्षेत्रमा ठूलो परिमाणमा प्रतिबन्धित लागुऔषधसहित एक जना अटो चालक पक्राउ परेका छन् भने छुट्टै कारबाहीमा अवैध रूपमा भित्र्याइएका बोइलर कुखुरा बरामद गरी नष्ट गरिएको छ। सशस्त्र प्रहरी र नेपाल प्रहरीको सक्रियतामा यी दुवै कारबाही गरिएको हो।





शुक्रबार दिउँसो गौर नगरपालिका-२ स्थित भन्सार ढाँटमा नियमित जाँचका क्रममा भारतबाट नेपालतर्फ आउँदै गरेको मधेश प्रदेश ०३-००३ ह १११० नम्बरको अटो शंकास्पद देखिएपछि रोकी खानतलासी गरिएको थियो। सो क्रममा चालक सिटमुनि लुकाइराखिएको अवस्थामा विभिन्न प्रकारका लागुऔषध फेला परेको सशस्त्र प्रहरी बल नेपाल ले जनाएको छ।

बरामद गरिएको लागुऔषधमा डायजेपाम, प्रोमेथाजिन र बुप्रिनोर्फिनका १००-१०० पिस इन्जेक्सन तथा करिब ५ ग्राम गाँजा रहेको छ। साथै नगद नेपाली ४९० रुपैयाँ, भारतीय १०० रुपैयाँ, एक थान मोबाइल र लागुऔषध ओसारपसारमा प्रयोग गरिएको अटो पनि नियन्त्रणमा लिइएको छ।

पक्राउ पर्नेमा राजदेवी नगरपालिका-७ का २० वर्षीय मोहन पण्डित रहेका छन्। उनलाई आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रियाका लागि जिल्ला प्रहरी कार्यालय रौतहट मा बुझाइएको छ। प्रहरीका अनुसार सीमावर्ती क्षेत्रमा हुने लागुऔषध तस्करी नियन्त्रण गर्न निगरानी थप कडा पारिएको छ।

यसैबीच, जिल्लाकै परोहा नगरपालिका-८ नरकटिया क्षेत्रबाट भारतबाट अवैध रूपमा भित्र्याइएका बोइलर कुखुरा बरामद गरी नष्ट गरिएको छ। बिहीबार राति करिब १० बजे वि.ओ.पि. सरमुजवा बाट खटिएको गस्ती टोलीले शंकास्पद अवस्थामा झोलामा बोकेर ल्याइँदै गरेको १३४ वटा बोइलर कुखुरा फेला पारेको थियो।

करिब ४०२ केजी तौलका ती कुखुराहरू तस्करहरूले सुरक्षाकर्मी देखेपछि छाडेर फरार भएका थिए। बरामद कुखुराहरूलाई शुक्रबार स्थानीय जनप्रतिनिधि, नेपाल प्रहरी, भद्रभलादमी तथा सञ्चारकर्मीहरूको उपस्थितिमा खाडल खनी सुरक्षित रूपमा गाडेर नष्ट गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरीका अनुसार नेपालमा भारतबाट जीवित कुखुरा आयातमा प्रतिबन्ध भए पनि चोरीपैठारी भइरहँदा स्थानीय कृषक र जनस्वास्थ्यमा जोखिम बढ्दै गएको छ। सीमाक्षेत्रमा हुने यस्ता अवैध गतिविधि नियन्त्रण गर्न सुरक्षा निकायहरूबीच समन्वय अझ सुदृढ बनाइने जनाइएको छ।

# वीरगंज भन्सारमा कडाइः अवैध भारतीय इभी मोटरसाइकल धमाधम नियन्त्रणमा

*हरिकिशोर शर्मा*
*पर्सा, ११ वैशाख*

पर्साको वीरगंज भन्सार नाकामा भन्सार जाँच प्रक्रिया कडा बनाइएपछि अवैध रूपमा नेपाल भित्र्याइएका भारतीय इभी (इलेक्ट्रिक) मोटरसाइकलहरू धमाधम नियन्त्रणमा लिन थालिएको छ। पछिल्लो कारबाहीमा मात्रै करिब २२ वटा यस्ता मोटरसाइकल नियन्त्रणमा लिइएको जनाइएको छ।



वीरगंज भन्सार कार्यालय स्रोतका अनुसार आवश्यक कागजात तथा भन्सार प्रक्रिया पूरा नगरी नेपाल भित्र्याइएका सवारी साधनमाथि निगरानी बढाइएको हो। सोही क्रममा अवैध रूपमा सञ्चालन भइरहेका इभी मोटरसाइकलहरू नियन्त्रणमा लिइएको बताइएको छ।

भन्सार क्षेत्रमा खटिएको सशस्त्र प्रहरी बल नेपाल का डिएसपी बिकाश अधिकारी ले आवश्यक प्रक्रिया पूरा नगरेका सवारी साधनमाथि कडा कारबाही भइरहेको जानकारी दिए। "कागजातविहीन रूपमा भित्र्याइएका सवारी साधन नियन्त्रणमा लिने अभियान निरन्तर जारी रहनेछ," उनले भने।

भन्सार स्रोतका अनुसार भारतीय नम्बर प्लेट नभएका इभी मोटरसाइकलहरू अवैध रूपमा प्रयोग भइरहेको सूचनापछि जाँचलाई थप कडाइ गरिएको हो। वीरगञ्जका विभिन्न साना नाकाबाट समेत यस्ता सवारी साधन पक्राउ पर्ने क्रम जारी रहेको जनाइएको छ।

पछिल्लो समय सस्तो र सजिलै उपलब्ध हुने भएकाले केही व्यक्तिहरूले भारतीय इभी मोटरसाइकल अवैध रूपमा नेपाल भित्र्याएर प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको अनुमान गरिएको छ। यसले राजस्व चुहावट हुनुका साथै कानुनी व्यवस्थामाथि चुनौती सिर्जना गरेको सरोकारवालाहरू बताउँछन्।

भन्सार तथा सुरक्षा निकायहरूले आवश्यक कागजातबिना सञ्चालन गरिएका सवारी साधनमाथि निरन्तर कारबाही जारी राख्ने स्पष्ट पारेका छन्। साथै सीमा क्षेत्रमा हुने यस्ता अवैध गतिविधि नियन्त्रण गर्न थप निगरानी र अभियान सञ्चालन गर्ने तयारी गरिएको जनाइएको छ।

# सीमामा मल आयातमा अवरोध नगर्न सशस्त्र प्रहरीको निर्देशन

*काठमाडौँ, ११ वैशाख*

नेपाल-भारत सीमा नाकामा किसानलाई मल आयात गर्दा कुनै अवरोध नगर्न सशस्त्र प्रहरी बल नेपाल ले स्पष्ट निर्देशन दिएको छ। सशस्त्र प्रहरी बलका अतिरिक्त महानिरीक्षक गणेश ठाडा मगर ले संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा बोल्दै यस वर्ष किसानलाई सहजीकरण गर्ने नीति अपनाइएको जानकारी दिएका हुन्।



सांसदहरूले सीमा क्षेत्रमा मल ल्याउँदा किसानले झन्झट बेहोर्नुपरेको गुनासो गरेपछि उनले सीमा सुरक्षा पोस्ट (बीओपी) हरूलाई मल आयातमा रोक नलगाउन निर्देशन दिइएको स्पष्ट पारे। "मल आयातमा कसैले दुःख दिएको जानकारी आए तत्काल कारबाही हुन्छ," उनले भने।

उनका अनुसार खुला सीमाको फाइदा उठाउँदै मलको नाममा अन्य वस्तु तस्करी गर्ने प्रवृत्ति पनि देखिएकाले सुरक्षा जाँचलाई भने निरन्तर राखिएको छ। "मलको बोरा प्रयोग गरेर चिनी लगायतका वस्तु ल्याउने गरिएको पाइएकाले निगरानी आवश्यक छ," उनले बताए।

नेपाल-भारतबीचको करिब १ हजार ८४८ किलोमिटर लामो खुला सीमामा ९४७ भन्दा बढी आवागमन मार्ग रहेको उल्लेख गर्दै उनले सबै स्थानमा प्रभावकारी निगरानी गर्न जनशक्ति सीमित रहेको स्वीकार गरे। तथापि, उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गर्दै सीमामा हुने अवैध गतिविधि नियन्त्रणमा ध्यान दिइएको उनको भनाइ छ।

सांसदहरूले किसानमैत्री नीति व्यवहारमा कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन्। उनीहरूले मल आयातमा अनावश्यक झन्झट हटाउँदै सहज पहुँच सुनिश्चित गर्न सरकार र सुरक्षा निकायलाई थप जिम्मेवार बन्न आग्रह गरेका छन्। सरकार र सुरक्षा निकायको यो कदमले सीमावर्ती क्षेत्रका किसानलाई मल उपलब्ध गराउन केही सहजता आउने अपेक्षा गरिएको छ भने तस्करी नियन्त्रण र कृषि आपूर्ति व्यवस्थापनबीच सन्तुलन कायम गर्ने चुनौती अझै कायम रहेको देखिन्छ।

# राजपुरमा निःशुल्क आँखा शिविर सम्पन्न २७२ जनाको परीक्षण ३८ जनामा मोतिबिन्दु फेला

*शु. आ. सम्बाददाता*
*रौतहट, ११ वैशाख*

जिल्लाको राजपुर नगरपालिकामा एक दिने निःशुल्क आँखा शिविर सफलतापूर्वक सम्पन्न भएको छ। राजपुर नगरपालिका-५ को वडा कार्यालय र नेपाल नेत्रज्योति संघ अन्तर्गतको गौर आँखा अस्पतालको संयुक्त आयोजना तथा रुइत फाउण्डेशनको आर्थिक सहयोगमा उक्त शिविर सञ्चालन गरिएको हो।



वडा अध्यक्ष कृष्णानन्द रामको विशेष पहलमा आयोजित शिविरमा स्थानीय बासिन्दाहरूको उल्लेख्य सहभागिता रहेको थियो। शिविरमा कूल २७२ जनाले आँखाको परीक्षण तथा परामर्श सेवा प्राप्त गरेका छन्, जसमा १४८ महिला र १२४ पुरुष रहेका छन्।

शिविरका कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेका अनुसार परीक्षण गरिएकामध्ये ३८ जना बिरामीमा मोतिबिन्दुको समस्या देखिएको छ। उनीहरूलाई लेन्ससहितको निःशुल्क शल्यक्रियाका लागि छनोट गरिएको छ। छनोट भएका बिरामीहरूलाई गौर आँखा अस्पतालको सवारी साधनमार्फत लगेर आगामी आइतबारदेखि शल्यक्रिया गरिने व्यवस्था मिलाइएको संयोजक पाण्डेले जनाए।

यस्तै शिविरमा ९८ जनालाई आवश्यकता अनुसार चश्मा र १६८ जनालाई निःशुल्क औषधि समेत वितरण गरिएको थियो।

शिविरमा गौर आँखा अस्पतालका प्राविधिक टोलीका सदस्यहरू दिनेश घिमिरे, अफताब आलम, शिवानी साह, राम अयोध्या प्रसाद यादव, जितेन्द्र यादव, र कृष्णा राउत लगायत ८ जनाको टोलीले प्राविधिक सेवा प्रदान गरेको थिए।

हाम्रो कर्तव्य हाम्रो जिम्मेवारी आँखा सेवामा सबैको साझेदारी भन्ने मूल नाराका साथ आयोजित यस कार्यक्रमको मुख्य उद्देश्य अन्धोपन तथा बाल अन्धोपन न्यूनीकरणमा टेवा पुर्‍याउनु रहेको आयोजकले जनाए। स्थानीयस्तरमै विशेषज्ञ सेवा पाउँदा विपन्न तथा पहुँचविहीन नागरिकहरू हर्षित देखिएका छन्।


## सखुवा प्रसौनी गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं।

सखुवा प्रसौनी गाउँपालिकाको कार्यालय, सखुवा प्रसौनी, पर्सा


# विज्ञापन बोर्ड र हुलाक निकायको निर्देशनले सञ्चार क्षेत्र थप संकटमा

*कलैया, ११ वैशाख*

नेपाल सरकारअन्तर्गतका निकायहरूको निर्देशनपछि लोककल्याणकारी विज्ञापनको भुक्तानी रोकिँदा देशभरका सञ्चारमाध्यम गम्भीर आर्थिक संकटमा परेका छन्। विज्ञापन बोर्ड र हुलाक सेवा विभाग मातहतको हुलाक निर्देशनालय धनुषा ले चालु आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमासिकका लागि विज्ञापन वापतको भुक्तानी गर्न बजेट अभाव भएको जनाउँदै बिल जारी नगर्न स्पष्ट




निर्देशन दिएका हुन्। विज्ञापन बोर्ड काठमाडौंको पत्र तथा हुलाक निर्देशनालयका विभिन्न मितिका

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - बृन्दाबन नगरपालिका